# आ.व.२०८१/०८२ को चौमासिक सम्म सङ्कलित रकम वितरण तथा मिलान सम्बन्धी विवरणः-

नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा सहकारी संस्थाको सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागी समितिमा प्राप्त आ. व. २०८१।०८२ को चौमासिक सम्ममा सङ्कलित रकम वितरण तथा मिलान विवरणः-

| सि.नं. | सहकारी संस्थाको नाम | विवरण | बचतकर्ता | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ओरेण्टल को अपरेटिभ लि. | बचत भुक्तानी | २७५ | १,०३,५१,७७१ | १०० | १ लाख मुनि |
| २ | कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि. | | ५९३ | ४२,७७,९३९ | १०० | १५ हजारसम्म |
| ३ | सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि. | | १४ | ३,६१,१०६ | १०० | पुरै भुक्तानी (७० हजारसम्म) |
| ४ | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. | | २९६२ | १,२१,४४,८४८ | १०० | ७००० सम्म |
| ५ | गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. | | १४२ | ४९,४९,८५५ | १०० | ७० हजारसम्म |
| ६ | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | | ६२३ | २,१५,००,००० | १०० | १ लाख मुनी |
| **जम्मा** | | | **४६०९** | **५,३५,८५,५१९** | | |
| ७ | ओरेण्टल को अपरेटिभ लि. | बिरामी/अशक्त | ५ | १,५०,००० | | आंशिक भुक्तानी |
| ८ | ओरेण्टल को अपरेटिभ लि. | | २५ | ७,५०,००० | | |
| ९ | कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि. | | ११ | ३,७५,००० | | |
| १० | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. | | ७ | २,४५,००० | | |
| ११ | लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. | | ३ | १,५०,००० | | |
| १२ | गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि. | | ८ | २,५०,००० | | |
| १३ | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | | १० | ४,००,००० | | |
| **जम्मा** | | | **६९** | **२३,२०,०००** | | |
| १४ | ओरेण्टल को-अपरेटिभ लि. | हिसाब मिलान | २०८ | ५०,४८,३७,१५१ | | १०० प्रतिशत |
| १५ | हाम्रो नयाँ कृषि सहकारी संस्था लि. | | २७ | ५,५४,४३,६७१ | | |
| १६ | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | | १ | १,१५,००,००० | | |
| १७ | स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | | ६ | ७२,००,००० | | |
| १८ | नेपाल सहकारी वित्तीय संस्था लि. | | २ | ५६,००,५०० | | |

| सि.नं. | सहकारी संस्थाको नाम | विवरण | बचतकर्ता | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| **जम्मा** | | | **२५४** | **५६,२५,४४,१७१** | | |
| १९ | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. | गार्डेन व्यवस्थापन | ३ | १,०४,५०,००० | | १०० प्रतिशत |
| २० | हाम्रो नयाँ कृषि सहकारी संस्था लि. | सेवा केन्द्र व्यवस्थापन | १ | १,८१,००० | | १०० प्रतिशत |
| २१ | कान्तिपुर सेभिङ एण्ड को-अपरेटिभ लि. | | ४ | ७,३४,५०० | | |
| २२ | लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. | | ४ | १८,४६,४०० | | |
| २३ | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | | १ | ४०,००,००० | | |
| **जम्मा** | | | **१०** | **६७,६१,९००** | | |
| २४ | प्यासिफिक सेभिङ एण्ड इन्भेस्टमेन्ट को-अपरेटिभ लि. | दामासाही भुक्तानी | ३४ | ८,२५,५०९ | २८ | |
| २५ | प्रभु बचत तथा ऋण सहकारी संस्था लि. | | ११८ | १५,०५,८२३ | १.२० | |
| २६ | कुवेर बचत तथा ऋण सहकारी संस्था लि. | | १३ | २७,९५,६०८ | ५९ | |
| २७ | स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | | ८५ | १,०१,२०,०१७ | १५ | |
| २८ | स्टाण्डर्ड मल्टिपर्पोस को-अपरेटिभ लि. | | ८ | ८,९६,३३१ | २८ | |
| २९ | चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | | १२ | ११,६६,१९३ | ४४.५ | |
| ३० | लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. | | ८९ | ३८,०७,८०३ | ७ | |
| **जम्मा** | | | **३५९** | **२,१४,३७,६२५** | | |
| **जम्मा** | | | **५,२९४** | **६७,८५,१६,०२५** | | |

**<u>आगामी कार्य योजना</u>**

१. आ.व. ०८१/८२ को असार मसान्तसम्म थप ९ सहकारी संस्था राफसाफ गर्ने लक्ष्य लिइएको ।

२. १३०७५ ऋणी सदस्यहरूबाट रकम रु.२३,६२,९६,५८,७९४।- (अक्षरुपी तेइस अर्ब बैसठ्ठी करोड छयानब्बे लाख अन्ठाउन्न हजार सात सय चौरानब्बे रुपैयाँ) असुली तर्फ अन्तिम कारवाहीको प्रकृया अघि बढाउने कार्य भइरहेको । सो सम्बन्धमा १५ दिने सूचना समेत जारी भइसकेको ।

३. सञ्चालक, व्यवस्थापकको नाममा रहेको अचल सम्पत्तिको खोजी गरी रोक्का गर्ने कार्य भएको र मूल्याङ्कन गरी लिलामी तर्फ अघि बढेको ।

४. आ.व. ०८०/८१ मा समस्याग्रस्त घोषित सहकारी संस्थाको दाबी रकमको सकभर ५०% रकम बचत फिर्ता/मिलान गर्ने लक्ष्य राखिएको ।

उपस्थित सञ्चारकर्मीहरु,

**नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्री बलराम अधिकारीज्यूको समुपस्थितिमा सार्वजनिक गरिएको बचत फिर्ता र मिलान सम्बन्धी विवरणः-**

नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेकोमा केही सहकारी संस्थाहरुले सहकारीको सिद्धान्त, मर्म र उद्देश्य विपरित कार्य गर्दा समग्र सहकारी संस्थाहरुमा नकारात्मक प्रभाव पर्न गएको छ। सहकारी संस्थाको सिद्धान्त, मर्म र उद्देश्य विपरीत गई बचतकर्ताको बचत हिनामिना गर्ने सहकारी संस्थाहरुलाई सहकारी ऐन, २०७४ को दफा १०४ वमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ वमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति समक्ष पठाइएको व्यहोरा जानकारी गराउँदछु । चालु आ.व. ०८१/८२ को प्रथम त्रैमासिकसम्म समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको संख्या २२ रहेको व्यहोरा अवगत नै छ । उक्त सहकारीहरुका बचत मागदाबीकर्ताहरु मध्ये १२९९ को आ.व. ०८०/८१ आषाढ मसान्तसम्म रु.८३,६५,२०,८७४।-(अक्षरुपी त्रियासी करोड पैंसठ्ठी लाख बीस हजार आठ सय चौरहत्तर रुपैयाँ) बचत फिर्ता/मिलान भएको व्यहोरा समेत जानकारी गराउँदछु । चालु आ.व.को प्रथम त्रैमासिकसम्म (२०८१ श्रावण देखि कार्तिक १२) सम्म यस समितिबाट संकलित रकमबाट मागदाबी कर्तालाई बचत फिर्ता तथा दायित्व मिलानको कार्य आज सार्वजनिक गरिएको व्यहोराको जानकारी गराउँदछु ।

<u>तपसिल (चालु आ.व. ०८१/८२ को श्रावण देखि कार्तिक १२ गतेसम्म)</u>

१. हाल सम्पत्ति व्यवस्थापन तथा दायित्त्व भुक्तानी हुन बाँकी सहकारी संस्था- १९

२. बाँकी छुट मागदाबी कर्तालाई बचत फिर्ता गरी राफसाफ गरिएको सहकारी संख्या- ३

३. जम्मा मागदाबी संख्या- ६२७६०

४. मागदाबी रकम- रु. ३९,९३,५६,६६,७१०।—

(अक्षरुपी उनान्चालिस अर्ब त्रियानब्बे करोड छपन्न लाख छैंसठ्ठी हजार सात सय दश रुपैयाँ)

५. बचतफिर्ता/मिलान संख्या तथा रकम

| क्र.सं. | विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | आ.व. ०८०/८१ आषाढ मसान्तसम्म राफसाफ भएका मागदाबीकर्ता | १२९९ | ८३,६५,२०,८७४ |
| २ | आ.व.०८१/८२ कार्तिक १२ सम्म राफसाफ भएका मागदाबीकर्ता | ४८५६ | ६४,८६,१६,८४१ |
| ३ | हालसम्म १००% राफसाफ भएका मागदाबीकर्ता | ६१५५ | १,४८,५१,३७,७१५ |
| ४ | आंशिक भुक्तानी भएका मागदाबीकर्ता (आ.व. ०८१/८२ कार्तिक १२ सम्म) | ४३८ | ३,०१,९९,१८४ |
| ५ | हालसम्म भुक्तान भएको मागदाबीकर्ता | ६५९३ | १,५१,५३,३६,८९९ |

(अक्षरुपी एक अर्ब एकाउन्न करोड त्रिपन्न लाख छत्तिस हजार आठ सय उनान्सय रुपैयाँ)

**१. बाँकी रहेका मागदाबी कर्ताको संख्याः ५६६०५**

**२. बचतफिर्ता गर्न बाँकी रकमः रु.३८,४२,०३,२९,८११**

(अक्षरुपी अठ्तिस अर्ब बयालिस करोड तीन लाख उनान्तिस हजार आठ सय एघार रुपैयाँ)

<u>आगामी लक्ष्य/कार्ययोजना</u>

१. आ.व. ०८१/८२ को असार मसान्तसम्म थप ९ सहकारी संस्था राफसाफ गर्ने लक्ष्य लिइएको ।

२. १३०७५ ऋणी सदस्यहरुबाट रकम रु.२३,६२,९६,५८,७९४।- असूली तर्फ अन्तिम कारवाहीको प्रकृया अघि बढाउने योजना रहेको ।

३. संचालक,व्यवस्थापकको नाममा रहेको अचल सम्पत्तिको खोजी गरी रोक्का गर्ने कार्य भएको र मूल्याङ्कन गरी लिलामी तर्फ अघिबढ्ने योजना रहेको ।

४. आ.व. ०८०/८१ मा समस्याग्रस्त घोषित सहकारी संस्थाको दाबी रकमको ५०% बचत फिर्ता/मिलान गर्ने लक्ष्य रहेको।

**मितिः १३ कार्तिक, २०८१**